सभामा प्रस्तुत मिति: २०८१।०३।१०
सभाबाट प्रमाणित मिति: २०८१।०३।१०

# माई नगरपालिका
# सितली, इलाम
# आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम

नगरसभाका सदस्यज्यूहरु,
नगरपालिकाका कर्मचारीहरु,
उपस्थित महानुभावहरु,
पत्रकारहरु ।

सर्वप्रथम आज म यस सम्मानीत माई नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८१।०८२ को माई नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको स्थापना र मुलुकको हितका खातिर विभिन्न कालखण्डमा नेपाली जनताद्धारा गरिएका अनवरत आन्दोलनमा सहभागी भई आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

यो माई नगरपालिका विविध प्रकृतिको भौगोलिक बनावट र विविध प्राकृतिक सम्पदाले युक्त, विविध सांस्कृतिक, भाषिक र परम्परा सहितको जातजातीहरुको मिश्रित इन्द्रेणी सम्पदा हो । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो कर्तव्य हो ।

माई नगरपालिका आर्थिक रुपमा गरिवी, बेरोजगारीको अवस्था रहेको छ । सामाजिक रुपमा पछ्यौटेपन, अन्धविश्वास व्याप्त रहेको छ । यहाँ बालविवाह, बहुविवाह, लागू औषध सेवन जस्ता सामाजिक विकृतिहरु रहेका छन । संस्थागत उद्योग, व्यापार, व्यवसाय नगन्य अवस्थामा रहेको छ । शहरीकरणका लागि पर्याप्त पूर्वाधार निर्माण हुन सकेको छैन ।

संघ, प्रदेशबाट प्राप्त हुने सीमित अनुदानको भरमा विकासको कार्य गर्नु पर्ने बाध्यता रहेको छ । नगरपालिकाको आन्तरिक आय न्युन रहेको छ । सीमित श्रोतसाधनको ठूलो अंश चालु खर्चमा विनियोजित गर्नु पर्ने प्रशासनिक बाध्यताले विकास निर्माणका लागि अपेक्षित र आवश्यकता अनुसारको कार्य गर्न सकिरहेको अवश्था छैन ।

साथै संघ प्रदेशबाट प्राप्त हुने अनुदानहरु समेत समयमा निकासा नहुने,  विचै अवधिमा नै आकस्मिक रुपमा कटौती हुने अवस्थाले हामीले बनाएका वजेट तथा कार्यक्रम प्रभावित भएको छ । योजना बमोजिम सम्पन्न भएका कतिपय कामको भुक्तानी दिन नसकिरहको अवस्था छैन् । कतिपय योजनाहरु विचै समयमा कटौती गर्नुपर्ने बाध्यता रहेको छ ।

हाम्रा यीनै समस्य र चुनौतीका वीचमा काम गर्नु पर्ने अवस्था रहेको छ । यी चुनौतीहरुका बाबजुत पनि हामीले नगरपालिकाको लागि उपलव्ध रकमहरुलाई अधिकतम सदुपयोग हुने

गरी विकास निर्माण, क्षमता विकास तथा सेवा प्रवाहको कार्यमा यथोचित ध्यान दिएर कार्य गर्नु पर्ने आवश्यकता रहेको छ ।

" स्थानीयय प्राकृतिक स्रोत साधनको उपभोगको सुरुवात, यसैबाट शुरु हुन्छ माई नगरको समृद्धिको आधार" भन्ने मूल नाराका साथ नगरपालिकाको समृद्धि र विकासको लागि हामी अहोरात्र अघि बढिरहेका छौं । यस कार्यमा हामीलाई सम्पूर्ण जनप्रतिनिधि र आम नगरवासीको साथ सहयोग रहेको अनुभूति रहेको छ ।

यस नगरपालिकाको मुख्य आयश्रोतको रुपमा धान, सुपारी, केरा, बास, चिया जस्ता कृषिजन्य उत्पादन, काठ, दाउरा, अम्लिसो जस्ता वनजन्य, रागाँभैसी, बाख्रा, सुंगुर जस्ता पशुपालन, नदीजन्य पदार्थ, पर्यटन आदिको राम्रो संभावना रहेका छ । साथै माईको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित तथा समन्यायिक विकासका पूर्वाधार तयार गर्न आवश्यक रहेको छ । यीनै संभावना र उपलव्ध श्रोतसाधनलाई दीगो र अधिकतम उपयोग गरी माईको विकास र समृद्धि गर्न सकिन्छ ।

माइको विकासका लागि माईवासीहरु, जनप्रतिनिधि, सामाजिक संघसंस्था, राजनीतिक दल, बुद्धिजीवीहरुको आलोचनात्मक सुझाव, सल्लाहको आधारमा स्थानीय माग र आवश्यकतालाई पहिलो प्राथमिकतामा राखी कार्य गर्दै आईरहेका छौं । आगामी दिनमा समेत यहाँहरु कै सुझाव सल्लाह बमोजिम कार्य गर्ने पनि प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,
अव म यस सम्मानित नगरसभाको १५औं अधिवेशनमा यस माई नगरपालिकाको आ.ब.२०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न गई रहेको छु ।

नेपालको संविधान, २०७२, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७५, संघीय सरकारको नीति, कार्यक्रम तथा बजेट २०८१।८२ अनुसार माई नगरपालिकाका लागि विनियोजित कार्यक्रम, संघीय १६ औं आवधिक योजना, दिगो आर्थिक विकासका लक्ष्य, स्थानीय सरकार संचालन ऐन २०७४, संघीय तथा प्रदेश कानून, माई नगरपालिकाका योजना, कानूनका आधारमा रही संघ, प्रदेशबाट प्राप्त अनुदान, माई नगरपालिकाको अनुमानित आन्तरिक आय समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।
माईबासीहरुको अपेक्षा र आवश्यकता समेतलाई मध्यनजरमा लिई आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु । मुख्यतः नीति तथा कार्यक्रम निम्न अनुसार रहेको छ ।

**क) आर्थिक विकास सम्बन्धी नीति :**

पशुपंक्षीहरुलाई विभिन्न रोगहरुबाट बचाउनको लागि भ्याक्सिनेशन, पशुपंक्षी जाँचको लागि ओपिडी सेवा संचालन संचालन गरिनेछ । गाई, बाख्रा, सुंगुरको लागि खोर तथा गोठ सुधार कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । पशुहरुको हेरचाह र उपचारका लागि सहज हुने

गरी महमाई र चिसापनी क्षेत्रमा पशु प्राविधिक कर्मचारी, औजार उपकरण सहितको पशु सेवा केन्द्र स्थापना गरिनेछ ।

कृषिवाली रोग नियन्त्रणका लागि यथोचित कार्यक्रम संचालन गरिनेछ । किसानहरुसंग साझेदारीमा कृषि स्प्रे ट्यांकी र पम्पिङ सिंचाई योजना संचालन गरिनेछ । महमाई र चिसापानी क्षेत्रमा कृषि प्राविधिक कर्मचारी, सामाग्री सहितको कृषि सेवा केन्द्र स्थापना गरिनेछ । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम संचालन गरिनेछ । कृषि सिंचाई लाग्ने विद्युत महशुलमा अनुदान दिईनेछ ।

सामुहिक खेती प्रोत्साहन गर्न र कृषि विकासका लागि कृषकहरुलाई उन्नत विऊ विजनमा अनुदानको व्यवस्था गरिनेछ । सामुदायिक स्थानीय उत्पादन प्रवर्द्धनका लागि कृषि विक्री केन्द्र संचालन गरिनेछ ।

माई नगरपालिका भित्र बेरोजगारी न्यूनिकरणका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसंग सहकार्य हुने गरी न्यूनतम रोजगारीका लागि साझेदारी कार्यक्रम संचालन गरिनेछ । सूचिकृत वेरोजगार व्यक्तिहरुका लागि क्षमता तथा सीप विकास कार्यक्रम संचालन गरिनेछ । सीप, क्षमता र इच्छा भएका युवाहरुलाई योजना प्रस्तावका आधारमा युवा स्वरोजगारका लागि साझेदारी कोष स्थापना गरिनेछ ।

सहकारी संस्थाको संस्थागत विकास गर्न उपयुक्त तालिम, क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ । सहकारीहरुको नियमित अनुगमन मूल्यांकनलाई नियमित र व्यवस्थित गरिनेछ । जग्गा वर्गीकरणको कार्य अन्तिम चरणमा पुगेको छ । सुकुम्बासी तथा अव्यवस्थित बसोवासलाई व्यवस्थित गरी धनीपूर्जा वितरणको लागि पहल गरिनेछ ।

नगरपालिका क्षेत्र भित्र रहेका उद्योग, व्यापार, व्यवसाय, संघसंस्थालाई कानूनी दायरमा ल्याएर दर्ता, नविकरण तथा नियमन गरिनेछ । कानून बमोजिमको कर संकलन कार्यलाई व्यवस्थित गरिनेछ ।

माई नगरभित्र रहेको सुखानी सहादत स्थललाई नगरपालिका अन्तर्गत ल्याउन पहल गरिनेछ । माई नगर क्षेत्रभित्र रहेका पर्यापर्यटनहरु ह्याप्पी ड्रिम्स चेप्टी, धोद्रे गुफा, तेह्रकुने, खत्रक्पा, मैनाचुली, हाङसाङ बरक पोखरी, शिव पोखरी लगायत मठ मन्दिरलाई व्यवस्थित गरिनेछ ।

**ख) सामाजिक विकास सम्बन्धी नीति :**

माई नगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार सबैलाई पुग्नेगरी खानेपानी, सरसफाई, शौचालय आदिको व्यवस्था गरिनेछ । माई नगरपालिका क्षेत्र भित्र १ देखि १० वडासम्म खानेपानीको समस्या रहदै आएकोमा स्थानीय स्रोतका साथै आ.ब.२०८१/८२ को संघीय बजेट मार्फत खानेपानी आयोजना माई न.पा.वडा नं. १ र १० का योजनालाई कार्यान्वयनमा लैजान संघीय सरकारसँग आवशयक पहल गरिनेछ । स्वच्छ खानेपानीका लागि सर्भेक्षण तथा नंक्सांकन गरिनेछ ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी र अभिभावहरुको स्वास्थ्य विमालाई निरन्तरता दिइनेछ । विद्यालयको नियमित अनुगमन, शिक्षक, कर्मचारी, व्यवस्थापनलाई उपयुक्त तालिम दिई क्षमता विकास गरिनेछ । नमुना विद्यालय, प्राविधिक शिक्षालाई स्थापना गरी संचालनको लागि पहल गरिनेछ ।

राष्ट्रपति रनिङ सिल्ड, नगर स्तरीय खेलकुद कार्यक्रम संचालन गरिनेछ । आगामी जिल्ला स्तरीय खेलकुद प्रतियोगिता यस माई नगरपालिकामा हुने भएकोले सोको लागि आवश्यक वजेट तथा आवश्यक तयारी गरिनेछ ।

उच्च प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव समुदायका विद्यार्थीहरुको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ । नगर शिक्षा योजना निर्माण गरी लागु गरिनेछ । विद्यालय शिक्षक तथा कर्मचारीहरुको लागि दरबन्दी व्यवस्थित गर्न संगठन तथा व्यवस्थापन (ओएण्डएम) गरिनेछ । शिक्षक विद्यार्थी सम्मान कार्यक्रम संचालन गरिनेछ । विद्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरि विद्यालयमा शिक्षक उपस्थितिलाई व्यवस्थित गरिनेछ ।

स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ । सुत्केरी प्रोत्साहन कार्यक्रम, सुरक्षित गर्भपतन सेवा, महिला स्वयमसेविका सम्मान, स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइने छ ।

माई अस्पताल संचालन व्यवस्थापनलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन व्यवस्थापकीय अधिकार सहित छुटै इकाईको रुपमा व्यवस्थित गरिनेछ । यसका लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ । स्वास्थ्य सेवाका जनशक्तिलाई आवश्यक तालिम मार्फत क्षमता अभिवृद्धि गरिनेछ । महमाई क्षेत्रका जनतालाई सहज स्वास्थ सेवा उपलब्ध गराउनको लागि महमाई स्वास्थ्य चौकीले व्यवस्थापन गर्ने गरी जनशक्ति सहित कार्यालयमा भएको एउटा एम्वुलेन्स उपलव्ध गराईनेछ ।

महिला, दलित, आदिवासी/जनजाति, वालवालिका, एकल महिला, फरक क्षमता भएका नागरिकहरुको लागि नेतृत्व विकास, सीपयुक्त, चेतनायुक्त बनाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । दलित समुदायका परिवारहरुको जिविकोपार्जनको सहजताको लागि प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । लक्षित वर्गका व्यक्ति समुदायहरुलाई प्रतिस्पर्धात्मक क्षमता विकास गर्न शिक्षक सेवा आयोग र कम्प्युटर तालिम कार्यक्रम संचालन गरिनेछ ।

बालविवाह, बहुविवाह, लागु पदार्थ दुर्व्यसन, विद्युतीय अपराध, छुवाछुत जस्ता सामाजिक विकृति विरुद्ध सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

विपन्न नागरिकलाई विद्युत मिटर जडानका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

## ग) भौतिक पूर्वाधार विकास सम्बन्धी नीति :

निर्माण सम्पन्न हुन बाँकी सवै वडाहरुमा वडा कार्यालय निर्माण गरी संचालनमा ल्याइनेछ । सबै वडा कार्यालयसम्म बाह्रै महिना सहज यातायात चल्ने गरी बाटोको स्तरोन्नति गरिनेछ । प्रत्येक वडामा कम्तिमा ६ किलोमिटर नाली सहित बाटो स्तरउन्नती गरिनेछ । मदन भण्डारी लोकमार्गको माई खण्डमा बाँकी रहेका काम ठेक्का प्रक्रिया/कार्यान्वयन मार्फत कार्यान्वयनमा लैजान संघीय सरकारसँग पहल गरिनेछ ।

साना सिंचाई, तराई मधेश कार्यक्रम, झोलुंगेपुल, तटबन्धनको लागि साझेदारी कार्यक्रम संचालन गरिनेछ । आवश्यकता अनुसार अन्य विभिन्न निकायहरुसंग पहल गरिनेछ । क्षतिग्रस्त सडक मर्मतसंभार लगायतका भौतिक पूर्वाधार निर्माणका लागि सबै वडाहरुमा नगरपालिकाको

जेसिभी, टिपर उपयोग गर्ने गरी इन्धन लगायतको व्यवस्था गरिनेछ । सबै वडाका वडा कार्यालयहरुमा नै रहने गरी प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

**घ) वन वातावरण तथा विपद व्यवस्थापन**

वन क्षेत्रको विकासका लागि सामुदायिक वनसँगको साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । जैविक विविधताको संरक्षणको लागि सुचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । नीजि तथा कृषि वन प्रबर्द्धनका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ । माई नपाको पर्यटकीय क्षेत्रको पहिचान गरि धार्मिक, सांस्कृतिक स्थलको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

माई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका अटोरिक्सा (टेम्पो) लाई अनिवार्य दर्ता हुने व्यवस्था गरी स्थानीय यातायातलाई व्यवस्थित गर्दै लगिनेछ । स्थानीय वस विसौनी, वस पार्क, टेम्पो पार्कलाई व्यवस्थित गरिनेछ । स्थानीय हाटवजारलाई व्यवस्थित गर्दै लगिनेछ । स्थानीय हाट बजार सरसफाईलाई स्थानीयहरुसंग मिलेर सरसफाईलाई व्यवस्थित गरिने छ । वजारी क्षेत्रबाट उत्सर्जित फोहोरहरुलाई उपयुक्त डम्पिङ साईटको व्यवस्था गरि विर्सजन गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति :**

माई नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यालय संगठन र व्यवस्थापन (ओएण्डएम) बमोजिम कर्मचारी व्यवस्थापन गरिने छ । कार्यालयको ओएण्डएम बमोजिमको कर्मचारी दरबन्दी दर्ताको लागि प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

नगरपालिकाबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी बनाउन समय समयमा सार्वजनिक सुनुवाई लगायत जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ ।

कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासको लागि उपयुक्त कार्यक्रम संचालन गरिने छ । नगरक्षेत्रभित्र सुरक्षा व्यवस्थापनका लागि सिसिटिभि जडान गरिनेछ । विकासलाई योजनावद्ध गर्न मध्यकालीन खर्च संरचना (MTF) निर्माण गरिनेछ । नगरपालिकाको एकै ठाउँबाट सम्पूर्ण जानकारी प्राप्त हुने गरी डिजिटल नगर प्रोफाइल निर्माण गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई व्यवस्थित गर्न बायोमेट्रिक प्रणाली लागू गरिनेछ । परम्परागत मृत्यु संस्कारलाई सहयोग गर्न परिवारलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

न्यायिक समितिको कार्यलाई व्यवस्थित गर्न सबै वडाहरुमा वडा मेलमिलाप केन्द्रको स्थापना गरी व्यवस्थित गरिनेछ । मेलमिलाप कर्ताको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
अन्त्यमा,

माथि उल्लेख भएका नीति तथा कार्यक्रम स्थानीय आवश्यकता, उपलब्ध हुन सक्ने श्रोतसाधन तथा हाम्रा प्रयासहरुका क्षमता आकलन गरेर तयार गरिएको हो । यी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न हामी सबैको उत्तिकै लगनशीलता, प्रयास र प्रतिवद्धता आवश्यक पर्दछ । यसका लागि हामी सबै मिलेर नीति तथा कार्यक्रमको आधारमा यस माई नगरपालिको विकास र समृद्धिको लागि पहल गरौ भन्ने सदिक्षा राख्दै आवश्यक छलफल र निष्कर्षको लागि यो नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गरेको छु । धन्यवाद ।